आज मिति २०७७ असार ५ गते आइतबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाउँ कार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसि तपसिलका प्रस्तावहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति :

| | |
|---|---|
| १. श्री निमबहादुर के सी | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपध्यक्ष |
| ३. श्री अमृत खडका | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्ली वहादुर के सी | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| ७. श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री राम वहादुर के सी | सदस्य |
| ९. श्री दुर्गा वहादुर मल्ल | सदस्य |
| १०. श्री सन्ताराम कामी | सदस्य |
| ११.श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |
| १६. शेरप्रसाद ढकाल | शिक्षा अधिकृत |
| १७. मधुसुदन के.सी. | इन्जिनियर |
| १८. किरण गौतम | रोजगार संयोजक |
| १९. यज्ञबहादुर बस्नेत | स्वास्थ्य शाखा प्रमुख |
| २०. खुम बहादुर के. सी. | जिन्सी शाखा प्रमुख |
| १. हस्तराम खड्का | पशु सेवा शाखा |
| . नेत्रबहादुर घर्ती | कृषि विकास शाखा |

प्रस्ता वहरु

१. कार्यपालिका सदस्यबाट नीति तथा कार्यक्रम सम्बन्धि लिखित सुझाव पेश गर्ने सम्बन्धमा
२.वडाका विशिष्ट योजना तर्जुमा सम्बन्धमा ।
३. कोभिड लक्षित खाद्य सुरक्षा उत्पादन विशेष कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
४. खाद्य सुरक्षा उत्पादन विशेष कार्यक्रम कार्यान्वयन समिति गठन सम्बन्धमा ।
५. कृषि/ पशु सेवा प्राविधिक करारमा राख्ने सम्बन्धमा ।
६. गाउँसभाको तयारी सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं १ : प्रस्ताव नं १ मा छलफल गर्दा यस दार्मा गाउँपालिका, सल्यानको आर्थिक वर्ष २०७७।०७८ को लागि प्रस्ताव गरिएको नीति तथा कार्यक्रम सम्बन्धि सुझाव मिति २०७७।०३।०७ गतेसम्म बेलुका ५ बजेसम्म विषयतगत समितिहरुले लिखित रुपमा हार्डकपी र सफ्टकपी दुबै पेश गर्ने निर्णय सर्वसहमतिबाट निर्णय पारित गरियो ।

निर्णय नं २ : प्रस्ताव नं २ मा छलफल बस्ती आएका योजनाहरुलाई वडाले प्राथामिकता र वडाको लागि विशिष्ट ठानिएका प्राथामिकीकरण गरिएका योजनाहरुलाई प्राथामिकता दिने निर्णय गरियो ।

निर्णय नं ३ : प्रस्ताव नं ३ मा छलफल गर्दा कोरोना भाइरस covid 19 को महामारीबाट उत्पन्न असहज परिस्थिति सृजना भइ जनजीवन लगायत कृषि क्षेत्रको उत्पादन र वितरण प्रणाली गम्भिर रुपमा प्रभावित भएको हुदा खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यक्रम संचालन कार्यविधि २०७७ अनुसार तरकारी खेतीका प्लाष्टिक घर निर्माण, गह्रा सुधार,बाँझो जगगाको प्रयोग तथा खेर गइरहेको ऐलानी, बुट्यान र पर्ती जगगा तरकारी, फलफुल, डालेघाँस र खाद्यान्न खेती गर्न चाहने कृषक, उद्यमी, लक डाउनको कारण कृषि उपज बिक्रि वितरण गर्न नसकेका व्यवसायी, जिल्लाबाहिर वा भारत लगायत तेस्रो मुलुकबाट फर्केका यूवा वा युवाहरुको समुह, कृषक समुह र कृषि सहकारी संस्थाहरुबाट प्रस्ताव आह्वानको लागि ५ दिने सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं ४ : प्रस्ताव नं ४ मा छलफल गर्दा गाउँपालिका अध्यक्षको नेतृत्वमा तपसिल बमोजिमको ६ सदस्यीय खाद्य सुरक्षा उत्पादन विशेष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १. निम बहादुर के.सी. | गाउँपालिका अध्यक्ष | संयोजक |
| २. अमृत खडका | नि. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. दुर्गाबहादुर मल्ल | आर्थिक विकास समिति संयोजक | " |
| ४. देवकुमार वली | इलाका वन कार्यालय | " |
| ५. चित्र बहादुर खडका | कृषि सहकारी संघ/ संस्था | " |
| ६. नेत्रलाल घर्ती | कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं ५ :** प्रस्ताव नं ४ मा छलफल गर्दा खाद्य सुरक्षा उत्पादन विशेष कार्यक्रम संचालनको लागि अषाढ महिनाको लागि डोर हाजिरीमा काम गर्ने गरि तपसिल अनुसारका कृषि र पशु प्राविधिक राख्ने निर्णय गरियो ।

तपसिल

| नाम थर | ठेगाना | प्राविधिकको किसिम | योग्यता | कैफियत |
|---|---|---|---|---|
| अन्जना वली | दार्मा -१ | पशु प्राविधिक | मान्यता प्राप्त संस्थाबाट पशु विज्ञान विषयमा टि.एस.एल.सी. उतिर्ण गरेको | दैनिक ६०० का दरले |
| महेश के.सी. | दार्मा - २ | कृषि प्राविधिक | मान्यता प्राप्त संस्थाबाट बाली विज्ञान विषयमा टि.एस.एल.सी. उतिर्ण गरेको | दैनिक ६०० का दरले |

**निर्णय नं ६ :** प्रस्ताव नं ६ मा छलफल गर्दा मिति २०७७।०३।०८ गते नीति तथा कार्यक्रम पेश गर्ने र २०७७।०३।१० बजेट पेश गर्ने गरि गाउँसभा कोरोना मैत्रीपूर्ण तरिकाले सम्पन्न गर्ने निर्णय गरियो ।